# लहान नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
(आन्तरिक राजस्व व्यवस्थापन उप-शाखा)
लहान (सिरहा)
प्रदेश २ नं., नेपाल

## वातावरण, नदी नियन्त्रण तथा सडक मर्मत संभार सेवा शुल्क संकलन ठेक्का सम्वन्धी शिलवन्दी बोलपत्र आह्वान सूचना ।

(सूचना प्रकाशित मिति २०७६/०७/१५ गते)

यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमको स्थानीय पूर्वाधार सेवा र उपयोगमा आ.व. २०७६/०७७ का लागि यस कार्यालयको मिति २०७६/०७/१४ को निर्णय बामेजिम र यस नगरपालिकाको चौथो नगरसभाबाट देहाय वमोजिमको सेवा शुल्क संकलन गर्न किस्तावन्दी (दुई किस्ता) मा ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट देहाय वमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

तपसिल :-

| सि. नं. | ठेक्काको विवरण | न्यूनतम अंक रकम रु. (भ्याट समेत) | बोलपत्र फाराम दस्तुर रु. | सिलबन्दी बोलपत्र अवधी |
|---|---|---|---|---|
| ०१. | वातावरण, नदी नियन्त्रण तथा सडक मर्मत संभार सेवा शुल्क (प्रति टिप) | ७०,००,०००।- | ३,०००/- | ७ दिन |

शर्तहरु :-

०१. शिलवन्दी बोलपत्र खरिद गर्न ईच्छुक व्यक्तिले आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फर्म, संस्था वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७६/०७७ कालागि नविकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता/स्थायी लेखा नम्वर (पान) र आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (औं) दिन अर्थात् मिती २०७६/०७/२२ गतेसम्म कार्यालय समयभित्र तोकिएको बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप-शाखावाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ७ (औं) दिन अर्थात् २०७६/०७/२२ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० वजे पछि नगरकार्यपालिकाको कार्यालय, लहानमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको बोलपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

०३. बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. बोलपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

अधिकृत

०५. शिलवन्दी बोलपत्र साथ आफूले कवोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैंक लि.,लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३००००००००३००००२ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको वोलकवोल जमानी पत्र (कम्तीमा १२० दिन म्याद भएको) सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी रकम बोलपत्र साथ नगद खामी आएमा यस कार्यालय जिम्मेवार हुनेछैन, साथै त्यस्तो बोलपत्रहरु अमान्य हुनेछ ।

०६. बोलपत्र स्वीकृत भएपछि ठेक्का अंकको अतिरिक्त न.पा.द्वारा संचालित दुर्गा पूजाचन्दाकोलागि १.५% र १.५% आयकर रकम ठेक्का अंकमा जोडी कायम भएको रकम (दुई किस्ता) मा बुझाउनु पर्नेछ ।

०७. काबु बाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक्का अंक मानिनेछ ।

०८. शिलवन्दी बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

०९. स्थानीय सेवा शुल्क संकलन गर्दा शुल्कदातालाई दिईने रसिद नगरकार्यपालिकाको कार्यालय,लहानले तोकि दिएको ढांचामा ठेकेदारले आफनो तर्फबाट छपाई कार्यालय प्रमुख/शाखा प्रमुखबाट प्रमाणित गराई कार्यालयको छाप लगाई मात्र प्रयोग गर्न पाईनेछ र दोहोरो सेवा शुल्क लिन पाईने छैन । साथै प्रमाणित बिनाको रसिद प्रयोग गरेको पाईएमा नगरपालिकाद्वारा कानूनी कार्यवाही गरिनेछ ।

१०. दरवन्दी भन्दा वढी सेवा शुल्क रकम उठाएमा वा नगरपालिकाको अहित हुने काम कार्यवाही गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

१२. प्राप्त बोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. बोलपत्र सम्वन्धी केही थप कुरा वुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सर्म्पक राखी वुझ्न सकिनेछ ।

१४. वातावरण, नदी नियन्त्रण तथा सडक मर्मत संभार सेवा शुल्क संकलन दररेटहरु (प्रति ट्रीप)

| सि.नं. | गाडीको किसिम | दररेटहरु (प्रति ट्रिप) | | | | | अन्य सामग्री |
|---|---|---|---|---|---|---|---|
| | | ईट्टा | भरौट वालुवा, माटो (निजी जग्गाको माटो वाहेक) | वालुवा | ढुंगा | गिट्टी | |
| ०१. | टायर गाडा | ३०।- | २०।- | ३०।- | ३०।- | ३०।- | ०।०० |
| ०२. | पावर ट्र्याक्टर तथा सानो ट्र्याक्टर | ६०।- | ४०।- | ६०।- | ६०।- | ६०।- | ०।०० |
| ०३. | दुई पाङग्रे ट्रली भएको ट्र्याक्टर | १००।- | ६०।- | १००।- | १५०।- | २००।- | २५।- |
| ०४. | चार पाङग्रे ट्रली भएको ट्र्याक्टर | १२५।- | ८०।- | १२५।- | १५०।- | २००।- | २५।- |
| ०५. | मिनी ट्रक | १२५।- | ८०।- | १२५।- | १५०।- | २००।- | ३०।- |
| ०६. | छ चक्का ट्रक वा टीपर | ३५०।- | २५०।- | ३५०।- | ४००।- | ५००।- | ५०।- |
| ०७. | दश चक्का टीपर | ५००।- | ३००।- | ५००।- | ५५०।- | ६००।- | १००।- |

प्रमुख प्रशासकिय अधिकृत